हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY

लेख, रचना, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्।

लहानपोस्ट दैनिकको कार्यालय
लहान न.पा.-१०, ग्रामीण चौक
फोन नं.: ०३३-५६१९६७,
९८५२८२४९६७, ९८५२८३९३१५,
९८०२३१९१९२, ९८०२३१९१९३

बर्ष : ०१ अंक : ५० पृष्ठ : ४ २०७७ भदौ १८ गते बिहीबार (Thursday 3 September 2020) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

## कमला नदीसँगै चुरे क्षेत्रको खोलाबाट ढुंगा तस्करी





**लहान ।** लकडाउनको बेला कमला नदीको निषेधित क्षेत्रबाट ढुंगा उत्खनन् गरि निकासी बढेको छ । कमला नदीसँगै चुरे क्षेत्रको खोलाबाट ढुंगा तस्करीमा जेसिबी र ट्रयाक्टरको प्रयोग सिरहामा बढ्दो छ । तस्करहरूले किसानले हलो जोत्न प्रयोग गर्दै आएको ट्रयाक्टर ढुंगा उत्खननमा उपयोग गर्दै आएका छन् ।

सिरहाको कर्जन्हा नगरपालिका–१ स्थित धनुषा, उदयपुर र सिरहाको संगमस्थल कमला खोलाको चुरे निषेधित क्षेत्रबाट कृषि प्रयोजनका लागि भन्सार छुट सुविधामा कृषकहरूले खरिद गर्ने ट्रयाक्टरबाट ढुंगा उत्खनन् भइरहेको हो ।

कृषि प्रयोजनमा प्रयोग गरिने ट्रयाक्टर सहित जेसिबीको प्रयोग गरेर चुरे क्षेत्रबाट ढुंगा उत्खनन र निकासीमा तस्करहरु संगठितरूपमा ठूलो समूह सक्रिय रहेकाले चुरे क्षेत्र संरक्षणमा कठिन भएको स्थानीयले गुनासो गर्दै आएका छन् ।

सिरहाका उत्तरवर्ती झिरहरी, सर्रे, गागन, कमला लगायत खोलाका केही चुरे वन क्षेत्रलाई वनले निषेधित क्षेत्र घोषणा गरेको छ । स्थानीयका अनुसार तर, ती क्षेत्रबाट ढुंगा तस्करी रोक्न वनलाई समस्या भइरहेको बेला तस्करले लकडाउनको बेला दिउसो र रातको समयमा संगठित रूपमा ढुंगा उत्खनन् गर्छन । एकातिर नगरपालिकाले खोलानाला ठेक्कामा लगाएर ढुंगा निकासीको स्वीकृति दिने गरेको र त्यही नाममा निषेधित चुरे क्षेत्रबाट समेत तस्करहरूले संगठितरूपमा ढुंगा उत्खनन् गरि चोरी निकासी गरिदिंदा नियन्त्रण गर्न समस्या भएको बन अधिकारीहरूको भनाइ छ ।

स्थानीय तह र वनको कार्यक्षेत्र दोहोरिदा खोलानालाबाट ढुंगा उत्खनन् नियन्त्रण गर्न वनसम्बद अधिकारीको भनाइ छ । त्यसमाथि तस्करहरूले नयाँ नयाँ उपाय अवलम्वन गर्दा नियन्त्रणमा

__________बाँकी ३ पेजमा

## प्रजिअको टोलीबाट ढुंगा उत्खनन् क्षेत्रको अनुगमन

*सिरहाको कर्जन्हा नगरपालिका अन्तर्गत कमला नदीको सिरहाका प्रमुख जिल्ला अधिकारी प्रदिपराज कणेलले अनुगमन गरेका छन् ।*

*अनुगमन टोलीले कर्जन्हा नगरपालिकाको उत्तरवाहिनी नजिकै अबैध रूपमा राखिएको ढुङ्गा ढुवानी गर्ने २ ट्याक्टर र एउटा जेसिबी नियन्त्रणमा लिएको छ । त्यस्तै कमला नदीको विभिन्न स्थानमा अबैध रूपमा तस्करीका लागि थुपारिएको ढुंगा अनुगमन टोलीले बरामद गरेको छ ।*

*कर्जन्हा नगरपालिकाको ती क्षेत्रमा व्यापक रूपमा ढुंगागिट्टी र बालुवाको तस्करी भइरहेको ब्यापक जनगुनासोपछि नदीको अनुगमन गरिएको प्रमुख जिल्ला अधिकारी कणेलले जानकारी दिए । अनुगमन टोलीमा जिल्ला समन्वय समिति सिरहाका सभापति रामचन्द्र ठाकुर, उपसभापति सरोज यादव, कर्जन्हा*

__________बाँकी ३ पेजमा

## मोटरसाइकल दुर्घटनामा २ को मृत्यु

**लहान ।** सिरहाको चोहर्वा-सिरहा सदरमुकाम सडक खण्डमा बुधबार साँझ दुई मोटरसाइकल आपसमा ठोक्किदा दुई जनाको मृत्यु भएको छ ।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार सिरहा नगरपालिकामा पर्ने भलुवाही र पदमपुरको बीचमा दुई मोटरसाइकल आपसमा ठोक्किदा सिरहा नगरपालिका–९ का सिल्टु ठाकुर र धनगढीमाई नगरपालिका–१० का दिपक कुमार पंजियारको मृत्यू भएको हो । स ४ प ४६१० नम्बर र स ४ प ७९२१ नम्बरको मोटसाइकल एक आपसमा ठोक्किएको थियो ।

मोटरसाइकलमा पछाडि सबार सिरहा नगरपालिका–९ गुलरियाका घाइते ३५ वर्षीय जितेन्द्र भन्ने शिव कुमार महराको गोलबजारस्थित भूमिजा अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

## भित्री पृष्ठमा

राष्ट्रनिर्माणका सन्दर्भमा क्रान्ति
पेज २ मा

घाँसले अन्धकार बनाएको जीवन कथा
पेज ३ मा

स्थानीय सरकारका चुनौती
स्तम्भ : पालिका बहस
पेज ४ मा

## लहान र गोलबजारमा 'फुड बैंक' सञ्चालन

**लहान ।** लहान र गोलबजारमा विपन्न परिवारलाई नि:शुल्क खाना र खाद्य सामग्री वितरण गर्ने गरी फुड बैंक स्थापना गरिएको छ ।

लहान नगरपालिका–७ स्थित राम मन्दिरको प्रांगणमा बुधबारबाट 'फुड बैंक' सञ्चालन गरिएको हो । ७ नम्बर वडा कार्यालय र स्थानीय परोपकार युवा क्लबको संयुक्त आयोजना, अम्बिका अफसेट प्रेस र रमाइलो रेष्टुरेन्ट एण्ड बारको सहयोगमा



'फुड बैंक' संचालनमा ल्याइएको हो । 'सके दिएर जाऔं, नसके लिएर जाऔं' नाराका साथ सञ्चालन गरिएको 'फुड बैंक' मा कोभिड–१९ का कारण

__________बाँकी ३ पेजमा

## दलितमाथि भइरहेको घटनाप्रति प्रदेश सरकारले छानबिन समिति बनायो

**लहान ।** पछिल्लो समयमा प्रदेश २ मा एकपछि अर्को भएको दलित सम्बन्धी घटनाहरूबारे छानबिन गर्न प्रदेश सरकारले समिति गठन गरेको छ । पछिल्ला घटनाहरूबारे छानविन गरि समितिमा प्रतिवेदन पेश गर्न आन्तरिक मामिला मन्त्रीको संयोजकत्वमा ५ सदस्यीय समिति गठन गरेको हो ।

दलितहरूमाथिको भेदभाव अन्त्यका लागि प्रदेश सभाले पारित गरेको दलित सशत्तिकरण ऐन अनुसारको कार्य गर्न ऐनले व्यवस्था गरे बमोजिम मुख्यमन्त्री लालबाबु राउतको अध्यक्षतामा रहेको जातीय विभेद तथा छुवाछुत अनुगमन समितिको बुधबार पहिलो बैठक आज मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालयमा बसेको थियो ।

रौतहट लगायतको घटनाहरु बारे छानविन गर्न १५ दिन समय

__________बाँकी ३ पेजमा




फ्रेन्डस मोडल हसिपटल, लहान-३
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)

हाम्रो सेवाहरु
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा

डाक्टरहरु
बालरोग विशेषज्ञ डा. बृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# सम्पादकीय

## चुरे विनासले जलवायु परिवर्तनमा नकारात्मक प्रभाव

बद्दो वन विनास, फडानी र खोलाजन्य पदार्थको जथाभावी उत्खनन्ले गर्दा जलवायु परिवर्तनमा नकारात्मक प्रभाव पर्न थालेको छ । वन फडानी र वन विनासकैं कारण नेपाल लगायत विश्वका मुलुकमा कार्वन उत्सर्जन कटौतीमा समस्या आइपरेको र कार्वन व्यापारबाट समेत वन जंगलसंग प्रत्यक्ष सरोकार राख्ने समुदायले फाइदा लिन सकेका छैनन् । जलवायु परिवर्तनले गर्दा खेतीपाति मात्र नभएर शिकार र कन्दमूल बटुल्ने, पशुपालन, माछा मार्ने, जंगली बोटविरुवा संकलन गर्ने वा कृषिजन्य लगायतका पेशाहरूमा नकारात्मक प्रभाव परेको छ ।

जलवायु परिवर्तनका कारणले लामो समयको खडेरी, बाढी पहिरो, अतिवृष्टि, अनावृष्टि, खाध पदार्थ र पानीको श्रोतमा कमी, नयाँ नयाँ रोगहरूमा वृद्धि, परम्परागत जीवन पद्धतिमा असन्तुलन आउने गर्दछ । जसका कारणहरूले वनजंगलसँग अन्योन्याश्रित सम्बन्ध रहेका समुदायको सामाजिक, साँस्कृतिक र आध्यात्मिक सम्बन्धका साथै उनीहरूको जीविकोपार्जनमा समेत प्रतिकूल असर परेको पाइन्छ । विशेषागरी खोलानदीको किनार, जंगलको आसपास र हिमाली क्षेत्रहरूमा बसोबास गर्ने हुनाले जलवायु परिवर्तनको नकारात्मक असरबाट उनीहरू नै बढी जोखिममा परेका छन् । मानव बसोबास गर्ने क्षेत्रमा वनजंगलको संरक्षण गरि पर्यावरणीय सन्तुलन कायम राख्नमा त्यहाँका बासिन्दाले उल्लेख्य योगदान पुऱ्याउदै आएका छन् भने यसको अलवा जलवायु परिवर्तनको नकारात्मक असरलाई न्यूनीकरण गर्नमा समेत उनीहरूको परम्परागत ज्ञान, सीप, प्रथा तथा जीवनयापन शैलीले उल्लेखनीय भूमिका रहेको पाइएको छ । उनीहरूलाई पर्यावरण जोगाउन वन संरक्षण गर्न हौसला दिनुआवश्यक छ ।

सिरहा जिल्लामा पछिल्लो पटक लकडाउनको समयमा चुरे क्षेत्रका खोलानाला दोहनको श्रृंखला बढेको छ । खोलानाला र चुरे क्षेत्र उत्खनन्मा संगठित समूह नै सक्रिय रहेको स्थानीयको गुनासो रहँदै आएको छ । जसको ज्वलन्त उदाहरण लकडाउनको बेला कमला नदीको निषेधित क्षेत्रबाट ढुंगा उत्खनन् गरि निकासी बढेको छ । कमला नदीसँगै चुरे क्षेत्रको खोलाबाट ढुंगा तस्करीमा जेसिबी र ट्र्याक्टरको प्रयोग सिरहामा बद्दो छ । तस्करहरूले किसानले हलो जोत्न प्रयोग गर्दै आएको ट्र्याक्टर ढुंगा उत्खननमा उपयोग गर्दै आएका छन् ।

तसर्थ कुनैपनि बहानामा किमार्थ चुरे दोहन हुनुहुँदैन । यो क्रमलाई स्थानीय प्रशासन, वन कार्यालय र सरोकारवाला निकायले रोक्नेपर्छ । यसमा सक्रियता बढाउनु जरुरी छ । वन संरक्षणमा सवै समुदाय सक्रियरुपमा लागिपर्ने अवस्था आएको छ । सिरहाका प्रमुख जिल्ला अधिकारी प्रदिपराज कणेलले सिरहाको कर्जन्हा स्थित कमला नदी क्षेत्रमा भइरहेको चुरे दोहनप्रति चाँसो राखेर अनुगमन सुरु गर्नुले पर्यावरण जोगाउन सहयोगको अपेक्षा गरिएको छ । चुरे र नदीजन्य पदार्थ दोहनमा संगठित रुपमा सक्रिय समूहलाई कानुनी दायरामा ल्याएर वन जंगल र खोलानाला संरक्षण गर्न जरुरी छ । यस कार्यमा सबैले सहयोग गर्न आवश्यक छ ।

भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

-: जनहितका लागि :-

हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
लहानपोस्ट LAHANPOST DAILY

# राष्ट्रनिर्माणका सन्दर्भमा क्रान्ति

## बिपी कोइराला राजनीतिक अभिलेख

आजकाल नेपालमा क्रान्तिको अनिवार्यताको व्यापक चर्चा हुन थालेको छ । प्रजातन्त्रको स्थापनाको सन्दर्भमा यस्तो चर्चा हुन्छ । नेपालमा पञ्चायती राजको नाउँमा जस्तो प्रकारको मूढ व्यवस्था स्थापित भएको छ, त्यसमा प्रजातन्त्र ल्याउनका लागि क्रान्तिको अनिवार्यता स्पष्ट हुँदै गएको छ । यहाँ क्रान्तिको अर्थ सशस्त्र क्रान्ति हो । शासकवर्गमा दूरदर्शिता र परिवर्तनशीलताको लचिलोपन आउनुको सट्टा कडापन र अदूरदर्शिताको जडता आयो भने क्रान्ति अनिवार्य हुन्छ । यो इतिहासको एउटा ठूलो अकाट्य नियम हो । नेपालको तानाशाही राजतन्त्रमा त्यो जडता र मूढता आएको छ । त्यसो हुनाले नेपालको राजनीतिक विषयसूचीमा क्रान्तिको चर्चाले पहिले स्थान ग्रहण गरेको छ । राजनीतिक चेतना भएका नेपालीलाई क्रान्तिको माध्यमबाट मात्र नेपालमा प्रजातन्त्र ल्याउन सम्भव छ भन्ने विश्वास भइसकेको छ । अनेकौँ तरूणहरूले त प्राणोत्सर्ग गरेर आफ्नो विश्वासको प्रमाण दिन थालेका छन् । त्यति साहस बटुल्न नसक्ने व्यक्तिहरु पनि आ–आफ्नो घरमा र आपसमा नेपालमा प्रजातान्त्रिक परिवर्तनको चर्चा गर्दा क्रान्तिको अनिवार्यतालाई स्वीकार गर्न थालेका छन् । यसै कारणले नै तरूणहरूद्वारा क्रान्तिका पक्षमा साना–ठूला प्रारम्भिक कदम चालिँदा देशभरि उत्साहको लहर व्याप्त हुन्छ । ती क्रान्तिकारी तरूणहरुको अभियानमा कमजोरी देखा पर्दा, त्यसमा आपत आइपर्दा वा प्राण अर्पण गर्नुपर्दा, देशको एउटा कुनादेखि अर्को कुनासम्म निराशा र समवेदनाको त्यस्तै लहर फैलिन थाल्छ । वर्तमान व्यवस्थालाई क्रान्तिबाहेक अरू कुनै उपायबाट परिवर्तन गरेर जनताले राजनीतिक अधिकार प्राप्त गर्न सक्छन् भन्ने विश्वास मेटिइसकेको छ ।

प्रजातन्त्रका पक्षमा क्रान्तिबाहेक सम्झौतालगायत अरू पनि विकल्पहरु छन् भन्ने राजनीतिक स्थापनाहरु नेपालको राजनीतिक आकासमा उदाउन लागेको क्रान्तिको रातो सूर्यको प्रकाशमा बिलाउन थालेको ताराजस्ता भएका छन् । यस्ता स्थापनाहरूले जनमानसमा कुनै प्रभाव पार्न सकेन । यी सब कुरा बुद्धिजीवीहरूलाई अस्वीकार्य भइसकेको छन् । अप्रजातान्त्रिक परिवर्तनका अगुवा हुने तरूणहरूको कुरा छाडिदिउँ । क्रान्तिका पक्षमा चालिएका सानातिना कदमहरूले शासकवर्गमा उत्पन्न गरेको आतङ्कले पनि क्रान्तिको प्रभाव र अमोघतालाई प्रमाणित गर्छ भन्ने कुरा पनि स्मरणीय छ । क्रान्तिको चर्चा त्यति व्यापक नभएको भए र क्रान्तिका पक्षधरमा आफ्नो प्राण होमिदिने सङ्कल्प नभएको भए नेपाली राजाले काठमाडौँको राजनीतिक रङ्गमञ्चमा हिँडडुल गर्ने प्रभावशाली व्यक्तिहरूलाई सङ्ग्राहलयमा थन्काइसकेका हुने थिए । मैले क्रान्तिको अनिवार्यताको चर्चा गर्दा यहाँ एउटा कुरा केही स्पष्ट पार्न आवश्यक देखेको छु । हरेक ऐतिहासिक अवस्थामा क्रान्ति अनिवार्य हुन्छ भन्ने मेरो मान्यता छैन । परिवर्तनका माध्यम अनेक हुन सक्छन् । क्रान्ति एउटै अवस्थामा मात्र अनिवार्य हुन्छ । त्यो अवस्था हो – शासकवर्गमा लचिलोपनको अभाव र हर उपायबाट परिवर्तन आउन नदिने कटिबद्धता । त्यहि कुरो नेपालका शासकवर्गमा भएको छ । तसर्थ, क्रान्ति अनिवार्य छ ।

मैले पहिलेका धेरै लेखहरूमा माथिका पङ्क्तिहरूको विचार व्यक्त गरिसकेको छु । त्यसो हुनाले यहाँ त्यसलाई फेरि दोहोऱ्याउन चाहन्नँ । म यस लेखमा क्रान्तिको राष्ट्रिय पक्षमाथि केही प्रकाश पार्न चाहन्छु ।

क्रान्ति, प्रजातन्त्रका लागि अनिवार्य छ भने के त्यो राष्ट्रियताका लागि पनि अनिवार्य छ ? हामी नेपालीहरूका सामुन्ने रहेको सबैभन्दा मौलिक प्रश्न यही हो । यो प्रश्न हामी प्रजातन्त्रवादीहरूका लागि भने त्यति मौलिक छैन । किनभने, हाम्रो दृष्टिमा वर्तमान युगमा राष्ट्रियताको राजनीतिक ढाँचा जनाभिमुखी हुन्छ र त्यसको राजनीतिक रूप प्रजातान्त्रिक हुन्छ । प्रजातन्त्रको सञ्चालनबाट राष्ट्रियताको भावना पनि सुदृड हुँदै जान्छ । राष्ट्रियताको आधार जनताको भावनामा निर्भर गर्दछ भने जनता आफ्नो भावना र इच्छाको प्रतिनिधित्व गर्ने राजनीतिक व्यवस्थाका हकदार हुन्छन् । जनतालाई उसको जन्मसिद्ध राजनीतिक अधिकारबाट वञ्चित राख्नु, तर उनीहरु राष्ट्रियताका सुदृढ जान हुन् भन्ने आशा गर्नु परस्पर विरोधी कुरा हुन् । वर्तमान युगलाई सारगर्वित अर्थमा जनताको युग भन्छन् । यस जनयुगमा राष्ट्रियता पनि जनाभिमुखी हुन्छ । वर्तमान युगलाई अकारण जनयुग भनेको होइन । पुरानो जमानामा राजनीतिक र आर्थिक राष्ट्रिय सक्रियता त्यति अपेक्षित थिएन । त्यो युग राजा–महाराजाहरूको युग थियो । उत्पादन र वितरणको काम पनि साधारण र सामान्य थिए । अशिक्षा, अज्ञानता, निम्नस्तरको उत्पादन प्रणाली, गाउँको सुषुप्तता, अविकसित सञ्चार व्यवस्था आदि व्याप्त भएको दुनियाँमा शासनको एउटा किल्ला रहन्थ्यो । एउटा राजा र एउटा दरबार राष्ट्रका राजनीतिक केन्द्र हुन्थो ।

राजाले आफ्नो दरबार, किल्ला र आफ्ना अनुयायीहरूका लागि धन सङ्ग्रह गर्न जनताबाट तिरो असुल्थे । त्यस युगका लडाईहरु पति राजा–महाराजाबीच हुन्थे, सन्धि–सम्झौता पनि उनीहरूकै बीचमा हुन्थे । त्यसको जनतासँग कुनै वास्ता थिएन । सबैभन्दा मुख्य कुरा त उत्पादनको व्यवस्था र त्यसबाट निर्मित सामाजिक रूप नै रूढीगत थिए । युग–युगदेखि एकनासको खेती, कुनै वर्ष सुखा त कुनै वर्ष अतिवृष्टि र कुनै वर्ष अनिकालको क्रममा एउटा वर्षभन्दा अर्को वर्ष भिन्न नभएर एउटापछि अर्को युग बित्दै जान्थ्यो । त्यस्तो अविकसित आर्थिक व्यवस्थामा सञ्चार र यातायातको पनि खाँचो हुँदैनथ्यो । गाउँ–गाउँको घेरामा बाँधिएको त्यो ग्रामीण समाजलाई देशको राजनीतिप्रति केही चाख हुँदैनथ्यो । राजाका लागि कर र तिरो असुल गर्दाको हदसम्म मात्र उनीहरूलाई सरकारी यन्त्रले पनि छुन पुग्थ्यो । त्यस्तो युगलाई राजाको युग भन्छन् ।

दुनियाँभरिका प्रत्येक देशमा राजाहरुको परम्परागत शासनव्यवस्था थियो । वर्तमान युगले त्यस्तो अविकसित व्यवस्थालाई घचघच्याउन पुग्यो । 'जनताको हातमा देशको राजनीतिक व्यवस्था राख्नु र एउटा व्यक्तिको इच्छामा दरबारबाट शासन चल्नुको साटो जनताका प्रतिनिधिको सभामा शासनाधिकार आउनु, अर्थात राजाबाट जनताको हातमा शासन आउनु, दरबारबाट प्रतिनिधिसभा वा संसद्मा राज्याधिकार हस्तान्तरण हुनु' वर्तमान युगको सबभन्दा पहिलो माग हुन्छ । यस्तो हस्तान्तरण नभईकन कुनै पनि देशले मध्ययुगबाट वर्तमान नवयुगमा प्रवेश गर्दैन । जनताको हातमा अधिकार नआउन्जेल फ्याँक्नुपर्ने पुरानो अर्थिक ढाँचा तोडिँदैन । यसै कारण वर्तमान युगको मागलाई पूरा गर्नका लागि दुनियाँभरि क्रान्तिहरु भए । राजाहरूका अधिकार खोसिए, उनिहरूको गद्दी गयो, कसैको त गर्दनसमेत छिनालियो । इङ्ल्यान्ड, जापान र स्केन्डेनेभियन देशका जस्ता दुई–चार राजाहरूले आफूलाई जनताको हकमा समर्पित गरेर जनयुगको भावनाको कदर गर्दै आफ्नो गद्दी सुरक्षित राख्नसकेका छन् । दुनियाँमा जनयुगले कसरी प्रवेश गऱ्यो ? वर्तमान युगका तमाम उथल–पुथलले नयाँ व्यवस्थाको मागलाई इङ्गित गर्दछन् । युरोपेली जनतालाई फ्रान्सको अठारौँ शताब्दीको राज्यक्रान्तिले जनयुगमा प्रवेश गरायो ।

यस लेखमा मैले नेपालको सन्दर्भमा क्रान्ति र राष्ट्रियताको चर्चा गर्न खोजेको छु । कुनै पनि सामाजिक, आर्थिक वा राजनीतिक प्रश्नको विचार गर्दा जनताको प्राधान्यको सन्दर्भमा मात्र विचार गर्न सकिने कारणले मामुली तवरबाट इतिहासको रङ्गमञ्चको प्रधान भूमिकामा जनता प्रवेश भएको चर्चा गर्नुपरेको हो । वर्तमान युगका समस्याहरूलाई राजाहरूको युगको अर्थमा विचार गर्दा एउटा अक्षम्य भूल हुनेछ । राष्ट्रियताको चर्चा पनि राजाको युगको अर्थमा होइन, वर्तमान युगको सन्दर्भमा हुनुपर्छ, जनयुगको अर्थमा हुनुपर्छ । एउटा ऐतिहासिक तथ्य के हो भने हामी जुन कुरालाई राष्ट्रियता भन्छौं, त्यो पनि वर्तमान युगको देन हो । साँच्चै भन्ने हो भने जनयुगको प्रारम्भ गर्ने अठारौँ शताब्दीको फ्रान्सको राज्यक्रान्तिबाट नै राष्ट्रियताको पनि प्रादुर्भाव भएको हो । राष्ट्रियता जनयुगको देन हो । नेमालमा पनि २००७ सालको जनक्रान्तिबाटै राष्ट्रियताको सही अर्थमा उदय भएको छ । मैले एउटा पहिलोको लेखमा यसको विवेचना गरिसकेको छु । ***बाँकी अंश अर्को अंकमा क्रमशः—***

## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।**

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवादन गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

**लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा**

## कमला ...

समस्या आइपरेको छ । वन ऐन २०४९ र नियमावली २०५१ अनुसार अवैध ढुंगा ओसार पसारमा संलग्नलाई प्रति घनमिटर डेढ रुपैयाँ र सवारी धरौटी वापत १० हजार रुपैयाँ जरीवाना गर्नसक्ने प्रावधान छ । उता, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले ढुंगा, गिट्टी, बालुवा, माटो तथा स्लेट जस्ता वस्तुको सर्वेक्षण, उत्खनन् तथा उपयोगको दर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापन स्थानीय तहले गर्न पाउने व्यवस्था गरेको छ । जसका कारण नगरपालिका, गाउँपालिकाले आफ्ना सीमा भित्रका खोलानाला ठेक्का लगाउँदै आएका छन् ।

**खोलाको सतह बढ्दै**

राष्ट्रिय तथा सामुदायिक वन फडानी र खोलानालाबाट जथाभावी नदीजन्य पदार्थ उत्खनन् भएकै कारण वर्षायाममा सिरहाको विभिन्न खोलानालाको सतह वर्षेनी बृद्धि हुदै गइरहेको छ । जिल्ला भु-संरक्षण कार्यालयका अनुसार तीब्र रुपमा भइरहेको वन फडानीका कारण गत १० वर्षदेखि सिरहाको विभिन्न खोलानालाहरुमा प्रति वर्ष १५ सेन्टिमिटरका दरले सतह बृद्धि भइरहेको छ ।

बृद्धि भइरहेको सतहका कारण वर्षायाममा सिरहाको दक्षिणी दर्जनौं गाउँहरुमा बाढी र वर्षाका कारण जमिन कटान र डुबानको चपेटा पर्छन । कार्यालयका अनुसार सिरहाको उत्तरी क्षेत्रमा रहेको चुरे पर्वतको कमजोर भाग भु-क्षय भई वर्षायाममा परेको पानीसंगै बग्दै तराईको उर्बर भूमि बगाउने गरेको छ । सबै मिलेर वन अतिक्रमण रोक्न सके तराईमा भइरहेको खोलानदीहरुको सतही बृद्धिलाई नियन्त्रण गर्न सकिने वन अधिकारीहरुको भनाई छ ।

## प्रजिअको ...

*नगर प्रमुख गंगा पासमान, उपप्रमुख ज्ञानु श्रेष्ठ, वन कार्यालयका प्रतिनिधि लगायतको सहभागिता थियो ।*

*प्रमुख जिल्ला अधिकारी कणेले ढुंगा, गिट्टी तथा बालुवा उत्खननको विषयमा अनुसन्धान गरी दोषी उपर कारबाही गरिने प्रतिबद्धता जनाए । यस्तै जिससका सभापति ठाकुरले केहि व्यक्तिको सेटिङमै ढुंगा, गिट्टी र बालुवाको तस्करी भइरहेको भन्दै त्यो संजाल तोड्नुपर्ने बताए ।*

*नदीबाट अवैध रुपमा भइरहेको ढुंग गिट्टी तथा बालुवाको उत्खनन रोक्न त्यस क्षेत्रका स्थानीयले पटक पटक आन्दोलन गर्दै आएका छन् ।*

## लहान ...

लकडाउन भएको अवस्थामा दैनिक ज्यालादारी गर्ने मजदुरहरुलाई बिहान १० बजेदेखि मध्यान्ह १२ बजेसम्म र बेलुकी ६ बजेदेखि साढे ७ बजेसम्म दैनिक दुई छाक खाना खुवाइनेछ । यसैगरि गोलबजार क्षेत्रका युवाले सिरहा युथ एक्टिभिस्टको पहलमा मंगलबारदेखि 'फुड बैंक' मार्फत विपन्नलाई खाद्य सामग्री बाँड्न थालेका छन् । हरेक दिन बिहान ११ बजेखि एक घन्टा गोलबजार-६ स्थित एएफसी होटेलअगाडि चामल, तेल, नुन, दाल, सोयाबिन, भुजा (मुरही) र मास्क वितरण भइरहेको छ ।

यसअघि नै सिरहा सदरमुकामका युवाहरुले पनि 'फुड बैंक' संचालनमा ल्याइसकेका छन् ।

## दलितमाथि...

सिमा दिइएको उक्त समितिमा प्रमुख प्रतिपक्षी दल नेकपाका सचेतक एवं अनुगमन समितिका सदस्य समेत रहनु भएका सुन्दर विश्वकर्मा, प्रदेश सभा सदस्य सुनिता देवी मोची, प्रमिला देवी दास र प्रदेश प्रहरीका प्रमुख सदस्य सचिव रहेका छन् ।

त्यसैगरि बैठकले लकडाउनमा खाना नपाएर मृत्यु भएका सप्तरीका मलर सदा र विराटनगरमा उपचारको रकम तिर्न नसकी अस्पतालमा बन्धक बनेका भुटनी देवीका परिवारलाई १ लाख ५० हजारको दरले आर्थिक सहयोगका लागि प्रदेश सरकारमा सिफारिस गर्ने निर्णय समेत गरेको छ । रौतहटमा हत्या भएका निरंजन राम र मित्रा देवी बैठाको परिवारलाई समेत आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरेको छ । बैठकले दलित सशक्तिकरण ऐन परिकल्पना गरे अनुरुपमा कार्यहरुको प्रभावकारी कार्यान्वयनका लागि समेत प्रदेश सरकारलाई आग्रह गरेको छ ।

मुख्यमन्त्री राउतको अध्यक्षतामा रहेको अनुगमन समितिमा आन्तरिक मामिला तथा कानुन मन्त्री ज्ञानेन्द्र कुमार यादव, सामाजिक विकास मन्त्री नवल किशोर साह, प्रदेश सभामा प्रतिनिधित्व गर्ने दलित सदस्यहरु सुन्दर विश्वकर्मा, चमेली देवी दास, प्रमिला देवी दास, फुलिया देवी सदाय, रविन्द्र बैठा, सुनिता देवी मोची, श्यामपरि देवी राम, मुख्यन्यायधिवक्ता दिपेन्द्र झा, र मुख्यमन्त्री तथा मन्त्री परिषद कार्यालयका उपसचिव रुपेश साह सदस्य सचिव रहका छन् ।


**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्कको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवादन गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

**नवराजपुर गाउँपालिका कार्यालय, सिरहा**



**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्कको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवादन गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

**औरही गाउँपालिका कार्यालय, सिरहा**



**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्कको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवादन गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

**भगवानपुर गाउँपालिका कार्यालय, सिरहा**


## इन्द्रेणी

*सात रंग, सात दिन, हरेक दिन नयाँ कहानी ।*
*आजको इन्द्रेणीमा* हामीले ३७ वर्षीया लक्ष्मी राईको जीवन कथा समेटेका छौं ...

# घाँसले अन्धकार बनाएको जीवन कथा



फाइल फोटो

दैवको लीला कसलाई थाहा हुन्छ र ? कलकलाउँदो जवानीमैं संसार नै अन्धकार हुने कल्पनासम्म गरिन्न् । तर, सिरहाको उत्तरवर्ती विकट चुरे क्षेत्र हात्तिढुंगाकी ३७ वर्षीया लक्ष्मी राईको जीवनमा यस्तै बज्रपात आइलाग्यो । २० वर्षे जवानीमैं दुबै आँखा गुमाउँनुपर्दा उनको संसार नै अन्धकार भयो ।

१७ वर्षकै कलिलो उमेरमा बुबा सिद्धि र आमा जस्तामायाले लक्ष्मीको विवाह उदयपुर बाँकेटारका कमलसँग २०५६ फागुनमा विवाह गरिदिए । १६ कठामात्र जग्गा जमिनले वर्षभरि गुजारा चलाउन समस्या भएपछि लक्ष्मी दम्पत्तिले खसीबाखा पालन सुरु गरिन् । वर्षदिनमैं छोरा अमृत जन्मिए ।

तर, लक्ष्मीको जीवनमा २०५९ साल 'कालरात्री' भयो । त्यो वर्ष अनि त्यो दिन सम्झिन पनि चाहन्दिनन् लक्ष्मी । '२०५९ साउनमा पति कमलले अर्कै विवाह गरे र छाडेर हिँडे' लक्ष्मीले विगत सुनाइन् 'त्यसपछि २० वर्ष उमेरमैं मेरो दु :खको दिन सुरु भयो ।' त्यहीबाट लक्ष्मीको जीवनमा बज्रपात सुरु भयो । पतिले अर्को बिहे गरेपछि माइती गाउँमा पाइला टेक्न विवश भइन् । अढाई वर्ष छोरालाई लिएर लक्ष्मी माइतमैं बस्न थालिन् ।

'माइतीमा बुबाआमाले बस्तुभाउ पालेका थिए, दिनहुँजसो घाँस काट्न जंगल जानुपर्थ्यो' उनले भनिन् 'तर, २०५९ माघ १७ मा मनै गैराको जंगलमा घाँस काट्ने क्रममा भालुको आक्रमणमा परे ।' त्यतिखेर ३ महिना धरानस्थित घोपामा उपचार गराएपछि ज्यान जसोतसो जोगिएपनि उनी संसार नदेख्ने भइन । उनको दुबै आँखा गुम्यो । आँखा गुमेपछि सदाका लागि आँखाको ज्योति गुमाइन् ।

'२०५९ साउनमा सानै उमेरमा सौताको पीडा भोग्नुपर्‍यो' उनले दु :खेसो पोखिन 'सौताको पीडा भोगेको बिर्सन नपाउँदै त्यसपछि सात महिनापछि संसारै अन्धकारको बज्रपात भोग्नुपर्‍यो ।' बज्रपातको श्रृंखला त्यतिमै सीमित रहेन लक्ष्मीको जीवनमा । त्यसपछि बुबा आमाको निधनसूगै माइतीको हेलामा परिन । असहय भएपछि विवाह भएको ठाउँ हात्तिढुंगाको खोला छेउ ऐलानी जग्गामा कटेरो बनाएर बस्न थालिन ।

कलिलै उमेरमा सौतेली पीडा, बुबाआमाको निधनसँगै माइतीको हेलामा मात्रै सीमित भएन लक्ष्मीको जीवन कहानी । आमाको अवस्था देखेर १६ वर्षको छोरा अमृतले समेत छाडेर दिल्ली गएपछि उनी बेसहारा बनेकी छन् । हातले छामेर घरछेउको खोलाबाट पानी ल्याएर जसोतसो गुजारा धानिरहेकी छन उनी । कति दिन हातले छामेर पानी ल्याउन नसक्दा, आगो बाल्न नसक्दा अनि खानेकुरा पकाएर खान नसक्दा र सामल पीठो सकिदा पसलबाट ल्याइदिने मान्छे नहुँदा भोकै रात काट्छन उनी । उनको घरको बाटो भएर कोही आइपुगे उनी सामल पीठो किनेर ल्याइदिन साहारा माग्ने गर्छिन । कहिलेकाही पैसा नहुँदा त्यो पनि किन्न सक्दिनन् । नामले लक्ष्मी भएपनि उनको जीवन अपांग भत्ताले धानेको छ ।

साउन २७ गते अपांग कार्ड नविकरण गर्न जिरोमाइलस्थित धनगढीमाई नगरपालिकाको कार्यालय गाउँका महिला संगीसँग साथ लागेर आइपुगेकी उनले जीउन 'सकस' परेको दु:खेसो पोखिन ।

'जीउनु गाह्रो भो, मर्नपाए हुन्थ्यो' जीवनबाट बेसहारा बनेकी उनले भनिन् 'हे दैव ! बचाउने नै हो भने यतीको कष्ट दिएर नबचाउँ ।'

# स्थानीय सरकारका चुनौती

## पालिका बहस

**चम्फासिंह भण्डारी**



हामी समृद्धिका कुरा गरिरहेका छौँ । सामाजिक न्यायको कुरा गरिरहेका छौँ । सन्तुलित र दिगो विकासका कुरा गरिरहेका छौँ । तर हाम्रा प्रयत्नहरु त्यतातिर केन्द्रित भएका छन ? राजनीतिक रुपमा ठूलो परिवर्तन गरेका छौँ तर आजको दिनमा लोकतान्त्रिक गणतन्त्र नेपालका सबै नागरिकहरुले खाना, छाना र नाना पाएका छन् वा पाउने दिशामा हाम्रा गतिविधिहरु केन्द्रित छन् ? के सबै खालका विभेदहरु समाप्तीको दिशामा छन ? सबैले समान रुपमा न्याय पाएका छन् ? शासन प्रणालीमा गरिब तथा सीमान्तीकृत समुदायको सहभागिता र पहुँच स्थापित हुने अवस्था विद्यमान छ ? के नेपाली नागरिकहरुले सुरक्षित, सम्मानित र मर्यादित जीवन जीउने अवस्था सृजना भएको छ ? यस्ता धेरै प्रश्नहरु नेपाली समाजमा अझै अनुत्तरित छन् र जवाफका लागि केही समय कुर्नुपर्ने धैर्यता आवश्यक छ ।

यस्तो अवस्थामा तपाई हामीले अधिकार सम्पन्न स्थानीय सरकार आफ्नै आगनमा पाएका छौँ । हामीसँग सीमित साधनस्रोत र असीमित नागरिक अपेक्षाहरु रहेका छन् । के हामीले अघि सारेका प्रयास र प्रयत्नहरु सार्वभौमसत्ता सम्पन्न नेपाली नागरिकहरुको जीवन सहज बनाउने र उनीहरुको जीवनमा समृद्धि र खुसियाली ल्याउने दिशामा केन्द्रित गरेका छौँ ? यस्ता धेरै प्रश्नहरुको बीचमा स्थानीय सरकारले अघि सारेका असल अभ्यासहरु र ब्यहोर्नु परिरहेका चुनौतीहरुको सामान्य चर्चा यस आलेखमा गर्ने प्रयास गरिएको छ ।

**स्थानीय सरकारका असल अभ्यासहरु**

स्थानीय सरकारहरुले जेजति विकास अभियानहरु सञ्चालन भएका छन्, त्यसले भौतिक पूर्वाधार निर्माणको क्षेत्रमा निकै फड्को मार्दैछ । स्थानीय सरकारको पाँचवर्षे कार्यकालभित्र हरेक पालिकाहरुमा सडक सञ्जालको काम सक्ने स्थितिबाट कामहरु भइरहेका छन् । सीपमूलक तालिम, सरकारी शिक्षालाई गुणस्तरीय बनाउने अभियान, स्वच्छ खानेपानीको व्यवस्थापन, स्वास्थ्य संस्थाका लागि आवश्यक पूर्वाधारहरुको निर्माण, युवाहरु लक्षित खेलमैदान लगायतका पूर्वाधारहरु, बालबालिकाहरुका लागि आवश्यक पूर्वाधारहरुको निर्माण, सामाजिक सुरक्षा, ज्येष्ठ नागरिक, फरक क्षमताका मानिस, महिला, दलित समुदायका मानिसहरुका लागि सीप तथा क्षमता विकासका विभिन्न क्रियाकलापहरुमा धेरैथोर कामहरु अघि बढिरहेका छन् ।

कृषि क्षेत्रमा उत्पादन वृद्धिका लागि विभिन्न प्रयासहरु जारी रहेका छन् । योजनाबद्ध विकासलाई व्यवस्थित बनाउन आवधिक योजना निर्माण, रणनीतिक योजना निर्माण, विभिन्न पूर्वाधारहरुको निर्माणका लागि विस्तृत अध्ययन जस्ता विषयहरुमा पनि पर्याप्त कामको थालनी भएका छन् । अधिकांश स्थानीय निकायले आफ्ना लागि आवश्यक कार्यालय भवन निर्माण गर्ने, वडाका कार्यालय भवन निर्माण गर्ने कामको थालनी गरेका छन् ।

असारे विकास प्रणालीलाई परिवर्तन गर्ने प्रयास र प्रयत्नहरु जारी रहेका छन् भने समयमा काम सम्पन्न गर्नका लागि ठेकेदार वा उपभोक्ता समितिलाई निरन्तर रुपमा दबाब सिर्जना भइरहेका छन् । कामलाई गुणस्तरीय बनाउन नियमित अनुगमनका प्रयास र प्रयत्न जारी रहेका छन् भने आम उपभोक्ता वा सेवाग्राहीहरुको काम समयभित्रै सम्पन्न गर्नका लागि विभिन्न किसिमले प्रयासहरु जारिरहेका छन । कानुनी ज्ञानको अभाव हुँदाहुँदै पनि न्याय निरुपणका लागि विभिन्न प्रयास र प्रयत्नहरु जारी रहेका छन् ।

**नियमित संवादको अभाव**

अधिकार सम्पन्न स्थानीय सरकारको अभ्यासमा रहेको हाम्रो लोकतान्त्रिक गणतन्त्र नेपाल र संघीय शासन प्रणालीले आम नागरिकको अपेक्षा र चाहनाहरुलाई तीब्र बनाइदिएको छ । संघ, प्रदेश र स्थानीय तह गरि तीन तहका सरकारहरु बीचमा समन्वय, तालमेल र सहकार्यको अभ्यास 'गर्ने र सिक्ने' तहबाट अगाडि बढिरहेको छ । यसलाई स्वाभाविक मान्न सकिन्छ । जनप्रतिनिधिहरु जनताबाट प्रत्यक्ष निर्वाचित भएर आएको र तत्काल र पर्याप्त काम गर्ने चाहनाबाट अघि बढिरहेका छन् भने निजामती कर्मचारीहरु धिमा समायोजनको प्रक्रिया, न्यून जनशक्ति र जनप्रतिनिधिहरुको स्प्रिडबाट 'आफ्नो बचाउ' गर्दै अघि बढिरहेका देखिन्छन् । जनप्रतिनिधि र कर्मचारीका बीचमा नियमित संवाद, अन्तर्क्रिया र असल सम्बन्ध निर्माणका प्रक्रियाहरु ज्यादै न्यून छन् । परिणाम स्वरुप कहिलेकाहीँ आवश्यक नीति, नियम, कार्यविधिहरुको अभाव वा भएका कार्यविधिहरु मिचेर काम गर्न 'दबाब दिने गरेको' अनुभूति निजामती कर्मचारीसँग छ भने विभिन्न बहानामा जनताका दैनिकका काममा कर्मचारीले 'अवरोध सिर्जना गर्ने गरेको' बुझाई जनप्रतिनिधिहरुसँग छ ।

स्थानीय तहका जनप्रतिनिधिहरु र त्यहाँ कार्यरत निजामती कर्मचारीका बीचमा रहेको अविश्वासको यही वातावरणले अधिकार सम्पन्न स्थानीय सरकारका कामकारबाहीमा ढिलासुस्ती र शिथिलता ल्याएको छ । सम्पन्न गरिएका कामहरुको गुणस्तरमापन र त्यसबाट आम सेवाग्राहीमा असन्तुष्टिको ग्राफ बढ्दै गएको स्थिति छ । योजना निर्माण र कार्यान्वयन प्रक्रियामा रहेका जटिलता र आम उपभोक्ताको आवश्यक सहभागिता नजुट्दा विकास प्रक्रियामा तीब्रताका प्रयत्नहरुले तीब्रता ल्याउन कठिनाइ उत्पन्न गरेका छन् ।

विकास बारेमा रहेका फरक फरक बुझाइका कारण पनि विभिन्न समस्याको सिर्जना गर्ने गरेको छ । आम रुपमा विकास भनेको बाटोघाटो, पुल पुलैँसा, भवन, देखिने भौतिक संरचनाहरु बुझ्ने आम चलन रहेको छ । भौतिक विकास र मानवीय विकासलाई सँगसँगै सन्तुलित रुपमा अघि बढाउन नसक्दा भएका पूर्वाधार र संरचनाहरु मानव उपयोगी बन्न सकिरहेका छैनन् ।

**नागरिक सचेतताको अभाव**

आम नागरिकमा विकासलाई सरकारले गरिदिने विषय हो भन्ने बुझाइ रहेको छ । विकास प्रक्रियाको प्रारम्भदेखि अन्त्यसम्म आम सेवाग्राही, उपभोक्ताहरुको संलग्नता र अर्थपूर्ण सहभागिताबिना विकासको स्वामित्व आम सेवाग्राही वा उपभोक्ताहरुले लिन सक्दैनन् । परिणाम धारा बिग्रदा, बाटोमा खाल्डो पर्दा वा सार्वजनिक चर्पीहरु सफा गर्नका लागि सरकारी पैसा आवश्यक देख्न थाल्छन् । हरेक विद्यालयमा रहेका चर्पीहरु सरसफाइ गर्ने योजना कसैसँग छैन बरू नयाँ चर्पी बनाउन रकम माग भई आउने क्रम तीब्र छ ।

उपभोक्ता समितिमा बस्नका लागि निकै ठूलो हानथाप चल्छ । एक अर्काले योजना सम्पन्न गर्दा भ्रष्टाचार गरेको मुद्दा अख्तियारमा पुऱ्याउनका लागि पनि प्रतिस्पर्धा नै हुने गर्छ । कामको गुणस्तर खोज्ने काम ज्यादै न्यून मात्रामा हुन्छ । सवारीसाधनको प्रयोग, बैठकभत्ता जस्ता सेवासुविधाहरुका लागि आम सहमति हुन्छ तर गरिब, सीमान्तीकृत तथा छेउ पारिएको समुदायको जीवन सहज बनाउने नीति, कार्यक्रम बनाई कार्यान्वयन गर्ने कुरामा विरलै सहमति जुट्छ । रोजगार सिर्जना गर्ने, काम सिर्जना गर्ने र मानिसको गुणस्तरीय जीवनयापनका लागि स्थानीय सरकारका कार्यक्रमहरु कार्यान्वयन हुन कठिन छ ।

बाटो सबैलाई फराकिलो र चौडा चाहिन्छ तर जब आफ्नो वा आफन्तको जमिनमा बाटो पुग्छ, अनि लडाइँ सुरु हुन्छ । आफ्नो योगदान र भूमिकाका लागि ज्यादै थोरै मानिस तयार हुन्छन् । क्षतिपूर्ति भनेजति चाहिन्छ, नत्र काम रोकिन्छ । यो मानसिकताले कसरी विकास प्रक्रियालाई सघाउँछ ? सहर, गाउँ सफा र सुन्दर चाहिन्छ तर घरबाट निस्केका फोहोर बाटोमा लगेर फालिन्छ । सबैलाई आफ्नो हक अधिकार चाहिन्छ तर अरुको हक अधिकारको कुरालाई कसैले वास्ता नगर्ने आम प्रचलन छ । विरोध गर्ने स्वतन्त्रता हरेक नागरिकसँग छ तर विकल्प के हो ? कसैलाई थाहा छैन ।

सरकारी पैसा त हो ? कसैको घरबाट जाने होइन ? भन्ने चेतनाबाट ग्रसित मानसिकतामा परिवर्तनका लागि काम हुन सकेका छैनन् । हरेक नागरिकले तिरेको पैसाबाट बजेट बन्छ र यो हाम्रो पैसा हो भन्ने वास्तविकता बुझाउन नसक्दा नागरिक तहबाट खबरदारी हुन सकिरहेको छैन । हामीले तिरेको करले नै हाम्रा लागि विकास गर्ने हो भन्ने धारणा बन्न सकिरहेको छैन । अनि कसरी हुन्छ मुलुकमा समृद्धि ?

**उत्पादन प्रणाली र वातावरण संरक्षण**

कृषि उत्पादन बढाउनुपर्ने विषयमा सबै सहमत छन् तर उत्पादन प्रणालीमा जोडिन कोही तयार छैनन् । कर्मचारी, शिक्षक, जनप्रतिनिधि सबैले कृषि उत्पादनका विषयमा धेरै लामा लामा भाषण दिन्छन् तर साँझ बिहानको समयमा आ–आफ्नो घर वरिपरि करैँसाबारीमा गएर कुटो चलाउँदै आफ्ना लागि करैँसाबारी निर्माण गर्न तयार छैनन् । हरेक पेसामा रहेका मानिसले साँझ बिहानको समय आफ्नो घरवरिपरि तरकारी रोपेर आफ्ना लागि आफै उत्पादन गर्ने अभियान सञ्चालन नगरेसम्म उत्पादन बढाउने कुरा सम्भव छैन र छिमेकी मुलुकबाट विषादी प्रयोग गरिएको तरकारी रोक्ने अभियान पनि सफल हुन सक्दैन । हरेक नागरिक उत्पादन प्रणालीमा आबद्ध हुने कुराले हाम्रो उत्पादन बढाउने अभियानलाई अग्लो र समृद्ध बनाउन ठूलो सहयोग गर्छ ।

स्थानीय सरकार चुकेको अर्को ज्यादै महत्वपूर्ण विषय हो वातावरणको संरक्षणको क्षेत्र । हामीले निर्माण गर्न थालेको विकास अभियानलाई वातावरण मैत्री बनाउनु जरुरी छ । बढ्दो जलवायु परिवर्तनको प्रत्यक्ष मार खेपिरहेका हामीलाई हाम्रो विकास अभियानलाई वातावरण अनुकूल बनाउनु आवश्यक छ । जथाभावी डोजर लगाएर बाटो खन्ने र भएभरका रुख बिरुवा नष्ट गर्दै जाने हो भने यसले नियमित रुपमा प्राकृतिक विनास निम्त्याउने निश्चित छ । प्राकृतिक रुपमा बग्ने खोलाहरु सहर निर्माण गर्ने क्रममा सबै मिचिएको र खोलामा घर बनाउने कामलाई तत्काल रोक्न सकिएन भने त्यसले डुबान बढाउने खतरा नजिक छ । यसर्थ हाम्रो विकास अभियानलाई वातावरणमैत्री बनाउन विशेष ध्यान दिनु जरुरी छ ।

कम्तीमा ५० वर्षपछिको हाम्रो गाउँपालिका, हाम्रो नगरपालिका कस्तो ? भन्ने परिकल्पना वा दूरदृष्टिका साथ काम नगर्ने हो भने पछिल्लो पुस्ताले हामीलाई सराप्ने निश्चित छ । खुल्ला ठाउँ, शैक्षिक केन्द्र, औद्योगिक क्षेत्र, खेल मैदान रङ्गशाला, स्वास्थ्य आदि जस्ता क्षेत्र कहाँनेर ? कसरी हुन्छ भन्ने कुरालाई ध्यान दिन सकिएन भने बढ्दो सहरीकरण र जमिनका ब्यापारले हामीसँग भएको भूमि सबै सकिने अवस्था हाम्रा नजिक छ भन्ने चेतना राख्नैपर्छ ।

**निष्कर्ष**

अधिकार सम्पन्न स्थानीय सरकारका सामु असंख्य सम्भावनाहरु छन् । नागरिक अपेक्षालाई सम्बोधन गर्न साझा र सामूहिक प्रयास र प्रयत्न आवश्यक छन् । विचारमा भिन्नता छ, व्यवहारमा भिन्नता छन् । काम गर्ने तरिकाहरुमा भिन्नता छ तर विकास अभियानलाई साझा अभियान र सहमतीय प्रणाली स्थापित गर्दै नागरिक जीवन सहज बनाउनका लागि साझा चिन्तन र व्यवहार आवश्यक छ ।

योजनाबद्ध रुपमा हाम्रा प्रयासलाई अघि सार्दै जहाँनेर समस्या सिर्जना हुन्छ त्यहीँनेर आवश्यक कार्यविधि, कानुन बनाएर त्यसलाई कार्यान्वयनका प्रयत्नहरु आवश्यक छन् । स्थानीय सरकारहरुले स्थानीय सबै सरोकारवालालाई समन्वय र संवादमार्फत विश्वासमा लिएर आम नागरिकलाई विकास प्रक्रियामा सँगसँगै लिएर जाने अभ्यासहरुको खाँचो छ ।

सुशासनलाई हरेक नागरिकहरुको जीवन संस्कृतिका रुपमा विकास गर्दै हरेकले असल काम, इमानदारिता र उच्च नैतिकबलका साथ अघि बढाउँदै निर्वाचित जनप्रतिनिधि र निजामती कर्मचारीका बीचमा पर्याप्त संवादका माध्यमबाट असल र समझदारीपूर्ण विश्वासका साथ काम गर्ने हो भने हामीले हाम्रो लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास र आम नागरिकको विश्वास आर्जन गर्न सकिन्छ ।

सबै काम र गतिविधिहरुलाई प्रणालीबद्ध बनाउँदै हरेक विकास गतिविधिलाई जनकेन्द्रित बनाउने प्रयास र प्रयत्न अघि बढाउन सकिन्छ । हाम्रा हरेक विकास गतिविधिले आम नागरिकको जीवन सहज बनाउने र हरेक नागरिकको जीवन सहज बनाउँदै उनीहरुको गुणस्तरीय जीवन बनाउने कुरामा विशेष ध्यान दिनु जरुरी छ ।

*रातोपाटी अनलाइनबाट*


## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवादन गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौ । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

**धनगढीमाई नगरपालिका कार्यालय, सिरहा**



## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवादन गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौ । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।



**सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा**



लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)